# शितगंगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ठाँडा, अर्घाखाँची
५ नं. प्रदेश, नेपाल

५-१ १६६५

मिति २०७५ ३ ७

**बिषय :- सूचना टाँस गरी जानकारी पठाई दिने सम्बन्धमा ।**

श्री शितगंगा नगरपालिका स्तरीय उद्योग वाणिज्य तदर्थ समिति
शितगंगा अर्घाखाँची ।
श्री शितगंगा नगरपालिका स्तरीय घरेलु तथा साना उद्योग विकास तदर्थ समिति
शितगंगा अर्घाखाँची ।

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०७५/२/३० गते लुम्बिनी दैनिक पत्रिकामा प्रकाशित विभिन्न निर्माण सामाग्रीहरु खरिद/आपूर्ति गर्ने कार्यको आव्हान सम्बन्धी सूचना थान एक यसै साथ संलग्न राखी पठाईएको छ । उक्त सूचना त्यस कार्यालयको सूचना पाटीमा टाँस गरी सो को जानकारी पठाई दिनु हुन अनुरोध छ ।

( हरि नारायण बेल्वासे )
प्रमुख प्रशासकीय अधिकृत

मिति २०७५।२।३० गतेको [illegible] पत्रिका

| | | | |
|---|---|---|---|
| | | Nrs.17500.00 | |
| CRM/ARG/G/SQ/10/074/75 | Supply & delivery of surgical and medical equipment | Nrs. 44200.00 | 1764600.00 |
| CRM/ARG/G/SQ/11/074/75 | Construction of office trust | | |

# शितगंगा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### ठडा, अर्घाखाँची, ५ नं. प्रदेश, नेपाल

## दरभाउपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७५/०२/३०

यस शितगंगा नगरपालिकाको कार्यालयको आ.व. ०७४/०७५ को कार्यकम अनुसार तपशिलमा उल्लेखित कार्य शिलबन्दी दरभाउपत्र आव्हान गरी गराउनु पर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजतपत्र प्राप्त योग्य इच्छुक नेपाली निर्माता, आधिकारिक आपूर्तिकर्ता/सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ।

१. शिलबन्दी दरभाउपत्र फारम तल उल्लेखित दस्तुर नगदै यस कार्यालयमा बुझाई (फिर्ता नहुने गरी) नगदी रसिद साथ निर्माता/आपूर्तिकर्ता/सप्लायस सम्बन्धि इजाजतपत्र, आ.व. ०७३/०७४ सम्मको कर चुक्ता प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाण पत्रहरुको नोटरी पब्लिक बाट प्रमाणित प्रतिलिपी सम्लग्न राखी निवेदन दिई यो सूचना प्रथम पटक प्रकासित मितिले १५ औं दिनसम्म यस कार्यालयबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ।

२. खरिद भएको दरभाउपत्र प्रस्टसंग भरी दरभाउपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी सिलबन्दी गरी खामबाहिर फर्मको नाम, ठेगाना र कामको नाम प्रस्टसंग लेखी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजे भित्रमा यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। कार्यालबाट जुन फर्मको नाममा दरभाउपत्र खरिद भएको हो सोही फर्मको नामबाट मात्र सिलबन्दी दरभाउपत्र दर्ता गर्नु पर्नेछ। उल्लेखित समयभित्र प्राप्त सिलवन्दी दरभाउपत्रहरु सोही दिन २:०० बजे दरभाउपत्रदाता स्वंय वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरुको रोहवरमा यसै कार्यालयमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन।

३. दरभाउपत्र साथ तपशिलमा उल्लेखित रकम धरौटी बापत यस नगरपालिकाको नाममा रा.वा. बैंक सन्धिखर्क शाखामा रहेको धरौटी खाता नं. ३०५०३०३००७१०७मा जम्मा गरेको सक्कल दोस्रो प्रतिभौचर वा नेपाल राष्ट्र बैंकबाट "क"वर्गको मान्यता प्राप्त बैंकबाट वा कुनै वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा ७५ दिन मान्य अवधि भएको बैंक ग्यारेन्टी (बिडवण्ड) सक्कलै पेश गर्नु पर्नेछ।

४. दरभाउपत्रमा दररेट उल्लेख गर्दा Bill Of Quantityको प्रत्येक Item को अङ्क र अक्षर दुवैमा स्पष्ट उल्लेख गर्नु पर्नेछ तथा केरमेट भएको ठाउँमा सहीछाप भएको हुनुपर्नेछ। अंक र अक्षर विच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

५. म्याद नाघि आएको, रीत नपुगेको र शर्त राखिएको दरभाउपत्रउपर कुनै कारवाही गरिने छैन्।

६. दररेटभर्दा मु.अ.कर बाहेकको दररेट भर्नु पर्नेछ।

७. दरभाउपत्र खरिद वादर्ता गर्ने निर्माता/आपूर्तिकर्ता/सप्लायर्सले कामको सम्बन्धमा राम्रोसंग बुझी दरभाउपत्र भरेको मानिनेछ।

८. दरभाउपत्र पेस गर्दा खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा क्रमश कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ।

९. कुनै पनि कारण जनाई दरभाउपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

१०. दरभाउपत्र संशोधन भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ।

११. यस सम्बन्धमा अन्य थप कुराहरु बुझ्नु परेमा कार्यालय समयभित्र मो.नं. ९८५७०६९८१८, ९८५७०६९८१७, ९८५७०६९८१५ मा सम्पर्क राखी बुझ्न सकिनेछ।

१२. नक्कली कागजात पेश गरी वा मिलेमतो गरी दरभाउपत्रमा भाग लिएको पाईएमा त्यस्ता दरभाउपत्रदाताको दरभाउपत्र रद्द गरी कालो सूचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफारीस गरिनेछ।

१३. यस सूचनामा उल्लेख नभएको बुँदाहरुको हकमा प्रचलित सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ।

तपसील

| ठेक्का नं. | कामको विवरण | दरभाउपत्र जमानत रकम रु. | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|
| १७-०७४/०७५ | विद्युतीय सामाग्री खरिद/आपूर्ति गर्ने कार्य | ५०००० | १००० |
| १८-०७४/०७५ | Survey Equepment(Total Station Set) खरिद/आपूर्ति गर्ने कार्य | ३०००० | १००० |